नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मंत्रालय
**राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम**
**कार्यक्रम कार्यान्वयन एकाइ, गोरखा**

कृषि मूलश्चः जीवनम् ।

Email:pmamp.piu.gorkha@gmail.com
Website:piugorkha.pmamp.gov.np
☏ ०६४४२०३१६, ९८५६०१०९१०

**सूचना नंः २**
**सूचना प्रकाशित मितिः २०८२/०५/१६**

## कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ गोरखाको चालु आ.व.२०८२।८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमको **कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम** संचालन गर्नुपर्ने भएकोले कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८२ बमोजिम योग्यता पुगेका इच्छुक कृषि उद्यमी/फर्म/कृषक समुह/कृषि सहकारीहरुले तपसिलमा उल्लेखित आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन भित्र अर्थात् (मिति २०८२/०६/०५ गते कार्यालय समयभित्र) गोरखा हरमटारी स्थित यस कार्यालय वा आँबुखैरेनी गा.पा., बरादी, तनहुँ स्थित सम्पर्क कार्यालयमा उपरोक्त कार्यविधिको अनुसूची-२ अनुसारको ढाँचामा आवेदन तथा अनुसूचि-३ अनुसारको ढाँचामा कार्यक्रम संचालन सम्बन्धी प्रस्ताव दर्ता गर्नु हुन सम्बन्धित सबैमा जानकारी गराईन्छ।

तपसिलः

| संचालन हुने कार्यक्रमको नाम | लक्षित लाभग्राही | कार्यक्रमको संचालन हुने क्षेत्र | कार्यक्रम संचालन गर्न सकिने बाली/वस्तु क्रियाकलापहरु | अनुदान रकम तथा भुक्तानी प्रक्रिया |
|---|---|---|---|---|
| कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम | १६ देखि ४० वर्ष उमेर समूहभित्रका कृषि उद्यमी/ फर्म/कृषक समुह/कृषि सहकारीहरु | जिल्लाभरि (गोरखा र तनहुँ) | १. तरकारीको ब्यावसायिक उत्पादन, प्रशोधन तथा बजारीकरण (प्लाष्टिक घरमा तरकारी खेती आदि)<br>२. दुग्धजन्य वस्तुको प्रशोधन तथा विविधिकरण, छुर्पी उत्पादन, भण्डारण तथा निर्यात,<br>३. मौरीपालन व्यवसाय र मह प्रशोधन<br>४. प्राङ्गारिक गड्यौली मल वा जैविक मल उत्पादन तथा बजारीकरण<br>५. बागवानी नर्सरी स्वाथापना तथा विकास<br>६. ब्यावसायिक मत्स्यपालन | प्रस्तावको कूल लागतको बढीमा पचास प्रतिशत वा चार लाख रुपैयाँ मध्ये जुन कम हुन्छ सोही रकम अनुदान स्वरुप बैंक खातामा भुक्तानी गरिने । |

पूर्ण कुंवाना
वरिष्ठ कृषि अधिकृत

Email:pmamp.piu.gorkha@gmail.com
Website:piugorkha.pmamp.gov.np
☏ ०६४४२०३१६, ९८५६०१०९१०

**सूचना नं: २**
**सूचना प्रकाशित मिति: २०८२/०५/१६**

निवेदन साथ संलग्न कागजातहरुः

(१) कार्यक्रम संचालन सम्बन्धी निर्दिष्ट ढाँचा अनुसूचि-३ बमोजिमको प्रस्ताव।

(२) निवेदकको व्यक्तिगत तथा तिनपुस्ते विवरण खुल्ने कागजातहरु (नागरिकताको प्रतिलिपि)।

(३) कार्यक्रम संचालनका लागि आवश्यक जग्गासम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसंग कम्तीमा ५ वर्ष र प्रशोधन तथा भण्डारणसंग सम्बन्धित संरचना निर्माणतर्फ कम्तीमा १० वर्षका लागि गरिएको सम्झौता पत्रको प्रतिलिपि)।

(४) उद्यम वा व्यवसाय दर्ता भएको भएमा सम्बन्धित कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, गत आ.व.सम्म कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोवार सम्बन्धी अन्य कागजातहरु।

(५) स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि।

(६) समुह/सहकारी संस्थाको सदस्य भएमा सम्बन्धित समुह/सहकारी संस्थाको सिफारिस पत्र।

(७) निवेदकको नागरिकता वा नेपाल सरकारबाट जारी गरिएको फोटोसहितको परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।

द्रष्टव्य: सम्बन्धीत कार्यक्रमको विषयमा थप / विस्तृत जानकारीको लागि सम्बन्धीत पालिका साथै कार्यक्रम कार्यान्वयन एकाइ, गोरखा तथा जोन प्राविधीक एकाइ, बरादी, तनहुँमा सम्पर्क गर्न सक्नुहुनेछ ।

गोरखाको लागि सम्पर्क:
९८४८२५१६०८, ९८४८२०७३६७, ९८४१७८९००६, ९८४५००५९८२

तनहुँको लागि सम्पर्क:
९८५६०१०९४०, ९८४८६२८०२५, ९८४६१३०९४५

कार्यालयको वेवसाइट:
**piugorkha.pmamp.gov.np**

पुर्ण कुवाना
वरिष्ठ कृषि अधिकृत